नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय
बबरमहल, काठमाण्डौ

## मुद्धति निक्षेप सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको वारे

मिति २०७५।११।११ गतेको गोरखापत्रमा सूचना प्रकाशित भए बमोजिम यस प्राधिकरणमा रहेको केही निक्षेपयोग्य रकम विभिन्न अवधिको लागि मुद्धति निक्षेप गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट निर्धारित मापदण्डको अतिरिक्त तल उल्लेखित शर्तहरु पूरा गरेका नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क” वर्गका इच्छुक बैंकले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको व्याज कम्तिमा त्रैमासिक रुपमा भुक्तानी हुनेगरी प्राधिकरणले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी मिति २०७५।११।१७ गते अपरान्ह २:०० वजे भित्र यस प्राधिकरणमा बुझाउन हुन आव्हान गरिएको छ ।

**शर्तहरुः**

(क) बैंक संचालनमा आएको कम्तीमा ५ वर्ष पुरा गरेको ।

(ख) वैंक लगातार पाँच वर्षदेखि देखि मुनाफामा रहेको ।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजी कोष कायम गरेको ।

(घ) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(ङ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(छ) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

(ज) निक्षेप गरिने संस्थाको, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अध्यक्ष वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको एक वर्ष पूरा भएको ।

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा एक वर्ष पूरा भएको ।

(ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको एक वर्ष अवधि पुरा भएको ।

(ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भएको ।

(ठ) यस सूचना बमोजिम वैंकहरुवाट पेश हुन आएका प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्राधिकरणमा निहित रहनेछ ।

**नोटः** १. प्रस्ताव पेश गर्ने वैंकहरुले माथि उल्लेखित शर्त तथा नेपाल राष्ट्र वैंकबाट निर्धारित मापदण्ड पूरा गरेको व्यहोराको घोषणा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र मिति २०७५।११।१७ गते अपरान्ह ३:०० वजे यस प्राधिकरणको प्रधान कार्यालयमा खोलिनेछ ।

# दरभाउपत्र फारम पेश गर्ने पत्रको ढाँचा

श्री अर्थ विभाग
नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ ।

**बिषयः-** शिलबन्दी दरभाउपत्र फारम पेश गरेको सम्वन्धमा ।

महोदय,

त्यस प्राधिकरणमा रहेको रकम बैंकमा मुद्धति निक्षेप गर्ने सम्बन्धमा तहांबाट मिति.....................................मा आह्वान भए बमोजिम उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेखित ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं ।

(क) लिन चाहेको निक्षेप रकम (रु लाखमा )

| क्र.सं | अवधि | न्यूनतम | | अधिकतम | प्रस्तावित ब्याज दर | ब्याज भुक्तानी अवधि |
|---|---|---|---|---|---|---|
| १. | **६ महिना** | | | | | |
| लिन चाहेको निक्षेप रकम (अमेरिकी डलर) | | | | | | |
| २. | **१ वर्ष** | | | | | |

(ख) आर्थिक वर्ष .....................को ...............महिनाको यस ............लि. को वित्तीय परिसूचकहरु निम्नानुसार रहेको छ ।

| **क्र.सं** | **विवरण** | **इकाई** | **प्रतिशत/रकम** |
|---|---|---|---|
| १. | प्राथमिक पूँजीकोष अनुपात | प्रतिशत | |
| २. | पूँजीकोष अनुपात | प्रतिशत | |
| ३. | निष्कृय कर्जा अनुपात | प्रतिशत | |
| ४. | खुद तरल सम्पति/स्वदेशी निक्षेप अनुपात | प्रतिशत | |
| ५. | कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात | प्रतिशत | |
| ६. | नाफा/नोक्सान हिसाब | | |
| | क. निकटतम अघिल्लो ५ वर्ष | रकम रु लाखमा | |
| | ख. चालु अवधि | रकम रु लाखमा | |
| ७. | रियल स्टेट कर्जा अनुपात | प्रतिशत | |
| ८. | कुल निक्षेप | रकम रु लाखमा | |
| ९. | चुक्ता पुँजी | रकम रु लाखमा | |
| १०. | संस्थागत निक्षेप/कूल निक्षेप अनुपात | प्रतिशत | |
| ११. | सञ्चालन भएको वर्ष | | |
| १२. | नेट वर्थ प्रति शेयर | | |
| १३. | प्राधिकरणको नाममा रहेको हालसम्मको निक्षेप रकम (प्राधिकरण र अन्तर्गतका सबै ना.उ. कार्यालय वा आयोजनाकोनाममा रहेका विद्यमान वैंक खाताको अतिरिक्त आ.व. २०५५/५६ सम्ममा तत्कालिन हवाई कार्यालय वा हवाई आयोजनाको नाममा खोलिएका वैंक खाता रहेको भए सो समेतको छुट्टै विवरण समावेश गर्नु पर्ने) | | |

(ग) यस ........................................... लि. को सम्बन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौं ।

१. आ. ब. .............. देखि आ. ब. ................ सम्मको नाफा नोक्सान विवरण ।

२. निक्षेप गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्था छ/छैन । (त्यस्तो कारवाही भएकोमा एक वर्ष पूरा भए नभएको व्यहोरा खुलाउने ।)

३. संस्था नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारवाहीमा परेको छ/छैन । (त्यस्तो कारवाही भएकोमा कम्तीमा एक वर्ष पूरा भए नभएको व्यहोरा खुलाउने ।)

४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ वमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन । (त्यस्तो कारवाहीमा परेको भए सो फुकुवा भएको एक वर्ष अवधि पूरा भए नभएको व्यहोरा खुलाउने ।)

५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति ................ नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको ।

६. साथै यस.................................लि.को मिति......................मा प्रकाशित पछिल्लो वित्तिय विवरण यसै दरभाउपत्रसंग संलग्न गरेका छौं ।

**संस्थाका आधिकारिक पदाधिकारीको**

दस्तखतः-..................................

नामः-......................

पदः-........................

सम्पर्क फोन नं.:- ........................

**संस्थाको नामः-**

ठेगानाः-

छापः-

**नोट** : निक्षेपसंग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नंम्बर यस फारामको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।